नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौं, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१४५९८०१३/१४५९८०१४, इमेलः info@aepc.gov.np

आ.व. २०८१/८२ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने स्वच्छ ऊर्जा प्रणालीहरु सम्बन्धी विभिन्न कार्यक्रमहरुको लागि माग संकलन सम्बन्धी दोश्रो सूचना

सूचना प्रकाशित मिति : २०८१।०५।२१

निवेदन बुझाउने अन्तिम मिति : २०८१।०६।२१ (कार्यालय समय भित्र)

यस केन्द्रले चालु आ.व. २०८१/८२ मा स्वच्छ ऊर्जामा आधारित तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । सोका लागि इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

क्र. सं.	कार्यक्रमको विवरण	आवेदन पेश गर्न माग फाराम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु
१.	लागत साझेदारीमा स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत संस्थागत विद्युतीय चुलोको प्रवर्द्धन कार्यक्रम लागि इच्छुक सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथाश्रमहरुबाट माग संकलन ।	१. सम्बन्धित सार्वजनिक संस्था/धार्मिक स्थल तथा अनाथआश्रमहरुको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट र सोको प्रतिवद्धता सहितको पत्र । २. भरिएको विस्तृत निवेदनको ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने) ३. धार्मिक स्थल तथा अनाथाश्रमहरुको हकमा सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
२.	केन्द्रको अनुदान सहयोगमा सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथाश्रमहरुमा सुधारिएको फलामे चुलो जडान गर्न इच्छुक संस्थाहरुबाट माग संकलन ।	१. सम्बन्धित संस्थाको अनुदान बाहेकको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र, २. भरिएको विस्तृत निवेदनको ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने) ३. धार्मिक स्थल तथा अनाथाश्रमहरुको सन्दर्भमा सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
३.	केन्द्रको अनुदान सहयोगमा ग्यासिफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरि लघु तथा साना मझौला उद्योग/व्यवसायहरुमा कृषिजन्य वस्तु प्रशोधनको लागि फलामे ग्यासिफायर चुलो जडान गर्न इच्छुक उद्यमहरुबाट माग संकलन ।	१. सम्बन्धित उद्योग/व्यवसायको अनुदान बाहेकको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र, २. भरिएको विस्तृत निवेदनको ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने)

यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np **बाट प्राप्त गर्न सकिनेछ ।**